# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१

## मूल समारोह समिति गठन

एवम्

## अनुमोदित कार्यक्रम

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१
## मूल समारोह समिति गठन एवम् अनुमोदित कार्यक्रम

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ यही असोज २, ३ र ४ गते विविध कार्यक्रमका साथ नेपाल राज्यभर र विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरुमा समेत भव्यतासाथ राष्ट्रिय दिवसका रुपमा मनाउने सन्दर्भमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मूल समारोह समिति गठन तथा प्रस्तावित कार्यक्रमउपर छलफल गरी आवश्यक परिमार्जन सहित कार्यक्रम पारित गर्ने प्रयोजनार्थ मिति २०८१ साल भाद्र ९ गते आइतबार अपरान्ह ०५:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा देहाय बमोजिमका महानुभावहरुको समुपस्थितिमा बैठक बसी तपसिल बमोजिमका कार्यक्रम अनुमोदन गरियो।

### तपसिल

क. "संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समिति, २०८१" को गठन :

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली | अध्यक्ष |
| २. | माननीय उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु एवं राज्यमन्त्रीहरु | सदस्य |
| ३. | काठमाडौं महानगरपालिकाका प्रमुख | सदस्य |
| ४. | नेपाल सरकारका मुख्य सचिव | सदस्य |
| ५. | प्रधानसेनापति | सदस्य |
| ६. | ललितपुर महानगरपालिकाका प्रमुख | सदस्य |
| ७. | नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु | सदस्य |
| ८. | महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ९. | महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | सदस्य |
| १०. | मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| ११. | उपत्यकाका नगरपालिका प्रमुखहरू, | सदस्य |
| १२. | सचिव, गृह मन्त्रालय | सदस्य-सचिव |

सङ्घीय सरकार तथा केन्द्रीयस्तरका कार्यक्रम :

असोज २ गते

१. वर्तमान संविधान निर्माणको ऐतिहासिक पृष्ठभूमि, संविधानको महत्त्व, संविधानमा अन्तर्निहित पक्षहरूमा केन्द्रीत विशेष सम्वाद, परिसम्वाद तथा सन्देशमूलक नाटक जस्ता सिर्जनात्मक र रचनात्मक कार्यक्रम निर्माण तथा सञ्चालन गरी रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक एवम् निजी क्षेत्र समेतका विद्युतीय (audio-visual) तथा छापा सञ्चारमाध्यमबाट प्रशारण, प्रकाशन गर्ने, गराउने व्यवस्था मिलाउने।

२. राष्ट्रियस्तरका छापा सञ्चार गृहहरूलाई संविधान दिवस तथा राष्ट्रिय दिवसको उपलक्ष्यमा विशेषाङ्क/स्मारिका तथा संविधानको वहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाहरूको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने।

३. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र र सबै सरकारी तथा गैर सरकारी कार्यालयमा दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने।

४. आम नागरिकहरूलाई आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झन्डा सजाउन र साँझ दिपावली गर्न आव्हान गर्ने।

५. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने।

६. सबै जिल्लाहरूमा सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने।

७. प्रजातान्त्रिक तथा लोकतान्त्रिक जनआन्दोलन र जनसंघर्षका सहिद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारी एवम् स्थानीय तहको समन्वयमा सम्मान कार्यक्रम आयोजना गर्ने।

८. जिल्ला स्तरमा फरक क्षमता भएका विद्यार्थीहरूले अध्ययन गर्ने विद्यालयहरूमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम संचालन गर्ने। यस कार्यमा ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले आवश्यक समन्वय गर्ने।

असोज ३ गते

१. नेपाली सेनाद्वारा सैनिक-मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै बिगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाईं (स्याल्भो र भली फायर) गर्ने ।

२. नेपाली सेनाको हेलिकोप्टरबाट **"संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१"** अङ्कीत व्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक-मञ्च, टुँडिखेलमा हेलिकोप्टरबाट पुष्पवृष्टि र व्यानर प्रदर्शन गर्ने ।